# लिसंखु पाखर गाँउपालिकाको

## आर्थिक ऐन २०८२

लिसंखु पाखर गाउँपालिका

सिन्धुपाल्चोक जिल्ला

बागमती प्रदेश

२०७३

# लिसंखु पाखर गाँउपालिकाको आर्थिक ऐन, २०८२

गाउँसभामा प्रास्तवित मिति २०८२/०३/१०
गाउँसभाबाट पारित मिति २०८२/०३/१०

**प्रस्तावना:** लिसंखु पाखर गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लिसंखु पाखर गाउँ सभाले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ:**(१) यस ऐनको नाम "लिसंखु पाखर गाँउपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।
(२) यो ऐन २०८२ साल साउन १ गते देखि लिसंखु पाखर गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२) सम्पत्ति कर:** गाउँपालिका क्षेत्र भित्र निर्माण गरिएको संरचनाहरुमा मात्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३) भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४) बहाल कर:** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गाडी, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम बहाल कर लगाइने र असूल गरिनेछ ।

**५) व्यवसाय कर:** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६) जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७) सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८) विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९) मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०) बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११) पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२) ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्यापिटङ शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्यापिटङ सेवा संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३) सेवा शुल्क दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोहि अनुसूचिमा व्यबस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४) पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५) कर छुट:** (१) गम्भिर प्रकृतीका रोगहरु, सामाजिक सुरक्षा भत्ता लाभग्राही खाता संचालन सिफारिस, विपद् सिफारिस, असाहय बालबालिका सिफारिस, विपन्न नागरिक सिफारिसमा शतप्रतिसत छुट दिइनेछ ।

**१६) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि र्कायविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि–१

### दफा २ संग सम्बन्धित

**१. सम्पत्ती कर**

### अनुसूची - १ (क)

### सम्पत्ति करमा जग्गाको मुल्यांकन विवरण

### दफा २ संग सम्बन्धित

| क. सं. | जग्गाको विवरण | प्रति आना रु | कैफियत |
|---|---|---|---|
| १ | लामोसांघु जिरी सडकसंग जोडिएका जग्गा | २२०००० | |
| २ | मुडे निगाले बाघखोर सडक संग जोडिएको जग्गा | १२५००० | |
| ३ | २१ किलो अत्तरपुर लिसंखु घ्याङ डाँडा सडक संग जोडिएको जग्गा | ९५००० | |
| ४ | सिलढुंगा जेठल तौथलि सडक संग जोडिएको जग्गा | ९५००० | |
| ५ | ककलिङ पेट्कू वडा कार्यालय सडक संग जोडिएको जग्गा | ९५००० | |
| ६ | सियाले यमुना सुनखानी बाघखोर ताम्चे हुँदै सिके सडक संग जोडिएको जग्गा जग्गा | ९५००० | |
| ७ | वाफल घिच्चेत उसिदुम साझाबन हुँदै बुलबुले सडक संग जोडिएको जग्गा | ६५००० | |
| ८ | गाउँपालिका ग्यातम्राङ सल्लेबर्खाङ १ नं. वडा कार्यालय सडक संग जोडिएको जग्गा | ६५००० | |
| ९ | ग्याल्बूङ निन्जेल डाँसे सडक संग जोडिएको जग्गा | ६५००० | |
| १० | निगाले बागखोर टनम भुषाफेदा सडक संग जोडिएको जग्गा | ६५००० | |
| ११ | लिसंखु घ्याङडाँडा उसात्पा भूस्कान गर्गजे सडक संग जोडिएको जग्गा | ६५००० | |
| १२ | लिसंखु घ्याङडाँडा तोथी नारगाउँ वाफल मिलडाँडा हुँदै ठोकर्पा सडक संग जोडिएको जग्गा | ६५००० | |
| १३ | यस गाउँपालिका क्षेत्र भित्र अन्य मोटरबाटोसंग जोडिएको जग्गा | ३५००० | |
| १४ | यस गाउँपालिका क्षेत्र भित्र गोरेटो बाटोसंग जोडिएको जग्गा | २०००० | |
| १५ | माथी उल्लेख भए बाहेकका जग्गाहरु | ५००० | |

## अनुसूची - १ (ख)

## सम्पत्ति करको दर विवरण

### दफा २ संग सम्बन्धित

| क्र. स. | सम्पत्ति रु मा | | प्रतिशतमा | प्रतिलाखमा लाग्ने कर रु. मा |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | १ | १००००० | ०।०२ | २० |
| | १०००००१ | ५०००००० | ०।०२१ | २१ |
| | ५००००००१ | १०००००००० | ०।०२२ | २२ |
| | १०००००००१ | २०००००००० | ०।०२३ | २३ |
| | २०००००००१ | माथी | ०।०२४ | २४ |

नोट :

क) समयमा कर दाखिला नगरेमा लाग्ने बार्षिक जरिवाना १० प्रतिशत

ख) झुठा विवरण पेश गरी पुन : मुल्यांकनमा लाग्ने जरिवाना २५ प्रतिशत

ग) एक बर्षको बक्यौता सम्पत्तिकरको १० प्रतिशत

## अनुसूची - १ (ग)

## सम्पत्ति करमा घरको मुल्यांकन विवरण

### दफा २ संग सम्बन्धित

| क्र· सं· | संरचनाको प्रकार | प्रति वर्ग फिट कायम गर्ने रु | कैफियत |
|---|---|---|---|
| १ | आर सि सि फ्रेम स्ट्रक्चरबाट बनेको | १००० | |
| २ | भित्र पाको ईटामा सिमेन्ट जोडाई आर सी सी छाना | ८०० | |
| ३ | सिमेन्टको जोडाईमा ईटा वा ढूंगाको गारो भएको जस्तापाता वा टायलको छाना | ६०० | |
| ४ | माटोको जोडाईमा ईटा वा ढूंगाको गारो आर सी सी छाना | ५०० | |
| ५ | माटोको जोडाईमा ईटा वा ढूंगाको गारो जस्तापाता वा टायलको छाना | ४०० | |
| ६ | स्टिल फ्रेम स्ट्रक्चर, प्रि फ्याब बोर्ड र सिमेन्टको ब्लकबाट निमार्ण गरिएको घर | ३०० | |
| ८ | कच्ची वा अस्थायी घर | २०० | |

अनुसूची - १ (घ)

सम्पत्ति करको लागि संरचनाको मुल्यांकन ह्रास कट्टी विवरण

दफा २ संग सम्बन्धित

| संरचनाको किसिम ➡ / संरचनाको आयु ⬇ | RCC फ्रेम स्ट्रक्चर | सिमेण्टको जोडाईमा RCC छाना | माटोको जोडाई RCC छाना | सिमेण्टको जोडाईमा जस्तापाता वा टायलको छाना | माटोको जोडाई जस्तापाता वा टायलको छाना | स्टिल फ्रेम स्ट्रक्चर, प्रि फ्याब बोर्ड र सिमेन्टको ब्लकबाट निमार्ण गरिएको घर | कच्ची वा अस्थायी घर |
|---|---|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १२ | १५ | ८ | २० |
| ३ - ६ वर्ष | १२ | १८ | २४ | २४ | ३० | १६ | ४० |
| ६ - ९ वर्ष | १८ | २७ | ३६ | ३६ | ४५ | २४ | ६० |
| ९- १२ वर्ष | २४ | ३६ | ४८ | ४८ | ६० | ३२ | ८० |
| १२ - १५ वर्ष | ३० | ४५ | ६० | ६० | ७५ | ४० | ९० |
| १५ - १८ वर्ष | ३६ | ५४ | ७२ | ७२ | ९० | ४८ | ९० |
| १८ -२१ बर्ष | ४२ | ६३ | ८४ | ८४ | ९० | ५६ | ९० |
| २१ - २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० | ६४ | ९० |
| २४- २७ वर्ष | ५४ | ८१ | ९० | ९० | ९० | ७२ | ९० |
| २७ - ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० | ८० | ९० |
| ३० - ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० | ९० | ९० |
| ३३ - ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० | ९० | ९० |
| ३६ - ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० | ९० | ९० |
| ४० - ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० | ९० | ९० |
| ४३ - ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० | ९० | ९० |

**अनुसूचि–२**

**दफा ३ संग सम्बन्धित**

**२. भुमि (मालपोत) कर**

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | लामुसाँघु जिरी सडक संग जोडिएका कित्ता जग्गाहरु | ५० प्रति रोपनी |
| २ | २१ किलो अत्तरपुर लिसंखु वाफल सडक संग जोडिएका कित्ता जग्गाहरु | ४० प्रति रोपनी |
| ३ | ककलिङ पेटकु ८ किलो सडक संग जोडिएका जग्गाहरु | ४० प्रति रोपनी |
| ४ | अन्य ग्रामिण सडक संग जोडिएका सडक संग जोडिएका कित्ता जग्गाहरु | ३५ प्रति |

| | | |
|---|---|---|
| | | रोपनी |
| ५ | खेतियोग्य जमिनको हकमा | |
| | सडक नजोडिएको खेत प्रति रोपनी | ३० प्रति रोपनी |
| | सडक नजोडिएको वारी प्रति रोपनी | १५ प्रति रोपनी |
| ८ | जरिवाना | |
| | १-२ बर्ष सम्मको (बार्षिक) | ३० प्रतिशत |
| | २-५ बर्ष सम्मको (बार्षिक) | ४० प्रतिशत |
| | ५ बर्ष भन्दा माथी (बार्षिक) | ५० प्रतिशत |

## अनुसूचि–३
## दफा ४ संग सम्बन्धित

### ३. बहाल कर

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | घर बहाल कर (बहाल तिरेको बेला) | १० प्रतिशत |
| २ | जग्गा बहाल कर संस्थागत | ७ प्रतिशत |
| ३ | जग्गा बहाल कर व्यक्तिगत | ५ प्रतिशत |

## अनुसूचि–४
## दफा ५ संग सम्बन्धित

### ४. व्यवसाय कर

(क) चुरोट तथा रक्सीजन्य पदार्थ, हार्डवेयर, ज्वेलर्ससँग सम्बन्धीत बस्तुहरुको व्यापार व्यावसाय (मदिरा र कोल्ड ड्रिंस सहितको किराना पसल समेत)

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | १००० | ७०० | |
| २ | ३ लाख १ देखी १० लाख सम्म | ३००० | २००० | |
| ३ | १० लाख १ देखी ४० लाख सम्म | ५००० | ३५०० | |
| ४ | ४० लाख १ देखी १ करोड सम्म | ७००० | ४५०० | |
| ५ | १ करोड १ देखी ५ करोड सम्म | ९००० | ६००० | |
| ६ | ५ करोड १ देखी माथी | १०००० | ७००० | |

(ख) क्यामेरा, टेलिभिजन, चस्मा लगायतको विद्युतिय सामग्री (सिडि प्लेयर्स, कम्प्युटर समेतका व्यावसायहरु)

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | ७०० | ५०० | |
| २ | ३ लाख १ देखी १० लाख सम्म | २००० | १५०० | |
| ३ | १० लाख १ देखी ४० लाख सम्म | ४००० | ३००० | |
| ४ | ४० लाख १ देखी १ करोड सम्म | ६००० | ४५०० | |
| ५ | १ करोड १ देखी ५ करोड सम्म | ८००० | ६००० | |
| ६ | ५ करोड १ देखी माथी | १०००० | ७५०० | |

(ग) ट्याक्टर बिकि, कार जिप, अटो मोबाईल्स, मोटर पार्टस, मोटर साईकल, मिल, मेशिनरी, आदी ।

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | २००० | १००० | |
| २ | ३ लाख १ देखी १० लाख सम्म | ५००० | ३००० | |
| ३ | १० लाख १ देखी ४० लाख सम्म | ८००० | ५००० | |
| ४ | ४० लाख १ देखी १ करोड सम्म | १०००० | ७००० | |
| ५ | १ करोड १ देखी ५ करोड सम्म | १२००० | ९००० | |
| ६ | ५ करोड १ देखी माथी | १५००० | ११००० | |

(घ) किताब, कापी, छापाखाना तथा स्टेशनरी सँग सम्बन्धीत व्यवसाय (किराना व्यवसाय समेतको हकमा)

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | ५०० | ३०० | |
| २ | ३ लाख १ देखी १० लाख सम्म | १००० | ७०० | |
| ३ | १० लाख १ देखी ४० लाख सम्म | २००० | १२०० | |
| ४ | ४० लाख १ देखी १ करोड सम्म | ३००० | १५०० | |
| ५ | १ करोड १ देखी ५ करोड सम्म | ५००० | ३५०० | |
| ६ | ५ करोड १ देखी माथी | ७००० | ५५०० | |

(ङ) कृषिसँग सम्बन्धीत व्यवसायको हकमा (कृषि फार्म, गाई पालन, सुंगुर पालन, बाखा पालन, पोल्ट्री फर्म र डेरी जन्य व्यवसाय सँग सम्बन्धित व्यावसाय आदी । (कृषि सामाग्री, औजार, मल, बिऊ, गाई दाना, चोकर, कुखुरा दाना, पशुपंक्षी आहार आदी ।)

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | ५०० | ३०० | |
| २ | ३ लाख १ देखी १० लाख सम्म | ८०० | ६०० | |
| ३ | १० लाख १ देखी ४० लाख सम्म | १५०० | १००० | |
| ४ | ४० लाख १ देखी माथी | २००० | १५०० | |

(च) शिक्षा, फ्रेमिङ, कार्पेट, सजावटको सामान, ब्युटि पार्लर, शैलुन, फोटो स्टुडियोसँग सम्बन्धित व्यावसाय आदी ।

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | ७०० | ५०० | |
| २ | ३ लाख १ देखी १० लाख सम्म | २००० | १५०० | |
| ३ | १० लाख १ देखी ४० लाख सम्म | ३००० | २००० | |
| ४ | ४० लाख १ देखी १ करोड सम्म | ४००० | ३५०० | |
| ५ | १ करोड १ देखी ५ करोड सम्म | ६००० | ५००० | |
| ६ | ५ करोड १ देखी माथी | ८००० | ६५०० | |

(छ) कपडा पसल, रेडिमेड पसल, टेलरिङ्ग, ।

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | ७०० | ५०० | |
| २ | ३ लाख १ देखी १० लाख सम्म | १५०० | १२०० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | १० लाख १ देखी ४० लाख सम्म | २५०० | २००० | |
| ४ | ४० लाख १ देखी १ करोड सम्म | ३००० | २५०० | |
| ५ | १ करोड १ देखी ५ करोड सम्म | ५००० | ४००० | |
| ६ | ५ करोड १ देखी माथी | ८००० | ६५०० | |

(ज) होटल, रेष्टुरेन्ट, लज, होम स्टे, फास्ट फुड रेष्टुरा, ट्राभल एजेन्सी, स्वीमिङ पुल, कन्फेरेन्स हल, रिसोर्ट आदी ।

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | १००० | ८०० | |
| २ | ३ लाख १ देखी ५ लाख सम्म | २५०० | १८०० | |
| ३ | ५ लाख १ देखी ३० लाख सम्म | ३५०० | २५०० | |
| ४ | ३० लाख १ देखी ५० लाख सम्म | ५००० | ४००० | |
| ५ | ५० लाख १ देखी १ करोड सम्म | १०००० | ८००० | |
| ६ | १ करोड १ देखि ५ करोड सम्म | १५००० | १२००० | |
| ७ | ५ करोड १ देखी माथी | २०००० | १५००० | |

(झ) टेलिचलचित्र, बृत्तचित्र निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना प्रेस, स्किन प्रिन्टर्स आदी ।

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | ७०० | ५०० | |
| २ | ३ लाख १ देखी १० लाख सम्म | १२०० | १००० | |
| ३ | १० लाख १ देखी ४० लाख सम्म | २००० | १८०० | |
| ४ | ४० लाख १ देखी १ करोड सम्म | ५००० | ४५०० | |
| ५ | १ करोड १ देखी ५ करोड सम्म | ७००० | ६००० | |
| ६ | ५ करोड १ देखी माथी | ९००० | ७५०० | |

(ञ) केबल नेटवर्क

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | १०० सम्म ग्राहक भएको | १००० | ८०० | |
| २ | १०१ देखी ५०० सम्म ग्राहक भएको | २००० | १५०० | |
| ३ | ५०१ भन्दा बढी ग्राहक भएको | ३५०० | २५०० | |

(ट) लेखापरिक्षक

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्रेणी क | २५०० | २००० | |
| २ | श्रेणी ख | १५०० | १२०० | |
| ३ | श्रेणी ग | १००० | ८०० | |
| ४ | श्रेणी घ | ५०० | ४०० | |

(ठ) कानुन व्यवसायी

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बरिष्ठ अधिबक्ता | २५०० | २००० | |
| २ | अधिबक्ता | २००० | १८०० | |
| ३ | लेखापढी व्यवसायी | १५०० | १००० | |

(ड) निर्माण व्यवसाय

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्रेणी घ | १५००० | ५००० | |

(ढ) कुटानी, पिसानी तथा पेलानी व्यवसायहरुको हकमा

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | ७०० | ५०० | |
| २ | ३ लाख १ देखी ५ लाख सम्म | १००० | ८०० | |
| ३ | ५ लाख १ देखी २० लाख सम्म | २००० | १५०० | |
| ४ | २० लाख १ देखी ५० लाख सम्म | ३००० | २५०० | |
| ५ | ५० लाख भन्दा माथी | ५००० | ४००० | |

(ण) उद्योग कलकारखाना

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३ लाख सम्म | ७०० | ५०० | |
| २ | ३ लाख १ देखी ५ लाख सम्म | १००० | ८०० | |
| ३ | ५ लाख १ देखी २० लाख सम्म | ३००० | २५०० | |
| ४ | २० लाख १ देखी ५० लाख सम्म | ६००० | ५००० | |
| ५ | ५० लाख १ देखी १ करोड सम्म | ८००० | ७००० | |
| ६ | १ करोड १ देखी माथी | १०००० | ९००० | |

(त) संचार सेवा एफ.एम. सहित

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | ७०० | ५०० | |
| २ | १ लाख १ देखी ५ लाख सम्म | १००० | ८०० | |
| ३ | ५ लाख १ देखी माथी | ३००० | २५०० | |
| ४ | एफ.एम.रेडियो प्रसारण | ३००० | २००० | |

(थ) वित्तिय सेवा

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | क बर्गको बैंक, विदेशी बिमा कम्पनी | १२००० | १०००० | |
| २ | ख बर्गको बैंक | १०००० | ८००० | |
| ३ | ग बर्गको बैंक, बिमा कम्पनी | ८००० | ५००० | |
| ४ | घ बर्गको बैंक, मनि ट्रान्सफर र लघुवित्त संस्था | ५००० | ३००० | |
| ५ | सहकारी संस्था (कृषि सहकारी बाहेक) | ५००० | - | |

(द) गैर सरकारी अस्पताल, नर्सिहं होम, औषधी पसल, हेल्थ केयर सेन्टर क्लिनिक तथा ल्याबहरु लगायत स्वास्थ्य सेवासँग सम्बन्धित व्यवसायहरु

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ५ लाख सम्म | १००० | ४०० | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | १५०० | ८०० | |
| ३ | १० लाख १ देखी ३० लाख सम्म | ४००० | २५०० | |
| ४ | ३० लाख १ देखी ५० लाख सम्म | ८००० | ५००० | |
| ५ | ५० लाख १ भन्दा माथी | १५००० | १०००० | |

(ध) तालिम, अनुसन्धान, कम्प्युटर टाईपिङ, भाषा प्रशिक्षण तथा कोचिङ सेन्टरसँग सम्बन्धित

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ५ लाख सम्म | ५०० | ४०० | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | १००० | ८०० | |
| ३ | १० लाख १ देखी ३० लाख सम्म | ३००० | २५०० | |
| ४ | ३० लाख १ देखी ५० लाख सम्म | ६००० | ५००० | |
| ५ | ५० लाख १ भन्दा माथी | १०००० | ८००० | |

(न) मर्मत सेवा : चार पांग्रे, दुई पांग्रे, रेडियो, घडि, टिभि, ईलेक्ट्रोनिक्स सामान मर्मत तथा संभारसँग सम्बन्धित व्यावसाय

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ५ लाख सम्म | १००० | ५०० | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | २००० | १००० | |
| ३ | १० लाख १ देखी ३० लाख सम्म | ५००० | ३००० | |
| ४ | ३० लाख १ देखी ५० लाख सम्म | १०००० | ६००० | |
| ५ | ५० लाख १ भन्दा माथी | १५००० | १०००० | |

(प) ग्रील उद्योग

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ५ लाख सम्म | १००० | ५०० | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | २००० | १००० | |
| ३ | १० लाख १ देखी ३० लाख सम्म | ५००० | ३००० | |
| ४ | ३० लाख १ देखी ५० लाख सम्म | ८००० | ६००० | |
| ५ | ५० लाख १ भन्दा माथी | १०००० | ८००० | |

(फ) अन्य वर्गीकरण नखुलेको : आलु, प्याज, हरियो तरकारी, फलफुल थोक तथा खुद्रा बिकी

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ५ लाख सम्म | ३०० | २०० | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | ५०० | ४०० | |
| ३ | १० लाख १ देखी ३० लाख सम्म | १००० | ८०० | |
| ४ | ३० लाख १ देखी ५० लाख सम्म | ३००० | २५०० | |
| ५ | ५० लाख १ भन्दा माथी | ४००० | ३५०० | |

(ब) जलश्रोतको उपयोगको अनुमतिपत्र/निवेदन दस्तुर (जलश्रोत तथा मुहान दर्ता कार्यविधि)

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी मुहान दर्ता (घरेलु प्रयोजनको लागि) | १००० | ५०० | |
| २ | सिंचाई | २००० | ५०० | |
| ३ | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | १००० | ५०० | |
| ४ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोग | २००० | १००० | |
| ५ | आमोद प्रमोदजन्य उपयोग | ५००० | १००० | |
| ६ | अन्य उपयोग (साना लघुबिद्युत आयोजना, अन्य आयोजना) | ५००० | १००० | |
| ७ | व्यापारिक प्रयोजनको लागि अनुमति प्राप्त गरि जलश्रोत उपलब्ध वापत | १०००० | १००० | |
| म्याद सकेको ३५ दिन सम्ममा नविकरण नगर्ने व्यवसायी, उपभोक्ता समिति, समूह, संस्थाहरुलाई १० प्रतिशत जरिवाना लाग्नेछ । अर्को आर्थिक बर्षको असोज मसान्त भन्दा पछि नविकरण गर्न आएमा नविकरण दस्तुर बराबर नै थप दस्तुर लाग्नेछ । | | | | |

(भ) व्यवसाय संचालन इजात पत्र

क) तिन (३) लाख सम्मको लागि रु ३००

ख) पाँच (५) लाख सम्मको लागि रु ५००

ग) पाँच लाख भन्दा बढी पुँजी भएको व्यवसायको लागि व्यवसाय दर्ता शुल्क अनुसार रहनेछ ।

नोट :

१. माथी उल्लेखित किसिम, उपरोक्त शिर्षकमा नपरेका व्यवसाय र उद्योग दर्ता हुन आएमा, व्यवसाय र उद्योगको किसिम हेरी माथीको करको दरमा नघट्ने गरी वार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिईनेछ ।

२. गाउपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उद्योग आदी लाई बन्द गर्नुपर्दा आवाश्यक्ता अनुसार निरिक्षण गरी विगत बर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी व्यवसाय बन्द सिफारिस दिईनेछ र सो को विवरण छुट्टै फायल खडा गरी अध्यावधिक गरी राखिने छ ।

३. व्यावसायिक फर्म नामसारी गर्दा रु. ५०० राजश्व लिई नामसारी गरिनेछ ।

४. गाउँपालिकालाई आवाश्यक परेमा (व्यावसायको किसिम निर्धारण गर्ने सम्दर्भमा) निजको व्यवसायको कारोबारको आन्तरिक राजश्व कार्यालय वा अन्तशुल्क कार्यालयबाट कारोबार प्रमाणित विवरण माग गर्न सकिनेछ साथै गाउँपालिकाले तोकेको कर्मचारीबाट निरिक्षण गरी निरिक्षण प्रतिवेदनको आधारमा कर तय गरिनेछ ।

५. यस कार्यालयलाई बुझाउनुपर्ने कर, शुल्क र भाडा आदि जस्ता राजश्व बुझाउन बाकी रहेमा गाउँपालिकाबाट प्रदान गरिने सिफारिस लगायतका सेवा प्रवाहबाट बञ्चित गर्न सकिनेछ ।

६. अन्य बांकी कुराहरुको हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधि भित्र रही गाउँपालिकाले तोके बमोजिम हुनेछ, जुन सामान्यतया कारोबारको स्तर हेरी बार्षिक रु.१००० देखी १०००० सम्म हुनेछ ।

७. आफ्नो व्यवसायको परिचयको लागि मात्र १५ बर्ग फुट सम्मको १ थान साइन बोर्ड व्यावसायीले आफ्नो पसल वा व्यावसाय रहेको भित्ता, पर्खाल वा अगाडीको भागमा निशूल्क राख्न पाउने छन् । १५ वर्ग फुट भन्दा बढीको साइन बोर्ड राख्न परेमा विज्ञापन कर बमोजिमको शुल्क लाग्नेछ ।

८ .फिरन्ते व्यापारी

क) झोला, मोटरसाईकल र ठेलागाडा रु २०००

ख) गाडी रु.४०००

९. ५ लाख सम्म पुँजी भएको व्यवसाय मात्र गाउँपालिकामा दर्ता गरिनेछ, ५ लाख भन्दा बढी पुँजी भएको व्यवसाय सम्बन्धीत निकायमा दर्ता पश्चात गाउँपालिकाले व्यवसाय संचालन गर्न इजाजत मात्र प्रदान गरिनेछ ।

१०. नियम कानुन विपरित कारोबार र अखाद्य बस्तु बिक्री वितरण गरेको पाईएमा रु ३०००।- रुपैयाँ जरिवाना लगाईने छ ।

११. व्यवसायमा पुंजी बृद्धी गर्नुपरेमा रु ५०० दस्तुर लाग्ने छ ।

## अनुसुची–५
## दफा ६ संग सम्बन्धित

### ५. जटिबुटी, कवाडी र जीवजन्तु कर

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | जटिबुटी निकासी गर्दा प्रति के जी | २.५ |
| २ | कोइला निकासी प्रति के जी | २ |
| ३ | कवाडी कर प्रति ट्रक | |
| क | चारपांग्रे गाडी | ५०० |
| ख | मिनी ट्रक/निसान गाडी | १००० |
| ग | टिफर | २००० |
| ४ | अलैची निकासी प्रति के जी | २.५ |
| ५ | काठ निकासी उतिस र अन्य जात प्रति क्युफिट | १० |
| ६ | काठ निकासी सल्लो प्रति क्युफिट | १५ |
| ७ | तितेपाती/धुपि पात निकासी प्रति केजी | ३ |
| ८ | अम्रिसो प्रति मुठा | १ |
| ९ | बास प्रति गोटा | ५ |
| १० | घसिङगर तेल | २०० प्रति लि |
| ११ | अन्य जडिबुटी प्रति | ५ |
| १२ | धसिङ्गर निकासी प्रति के जी | १ |
| १३ | लोकता, बाबियो निकासी प्रति के जी | २ |

## अनुसूचि–६
## दफा ७ संग सम्बन्धित

### ६. गाउँपालिकाले लगाउने पटके सवारी कर

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | | |

## अनुसूचि–७
## दफा ८ संग सम्बन्धित

### ७. विज्ञापन कर

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | होडिङ बोर्ड लामो साँघु जिरी सडक प्रति बर्ग फुट | १०० |
| २ | होडिङ बोर्ड सहायक सडक प्रति बर्ग फुट | ८० |
| ३ | फ्लेक्स बोर्ड प्रति बर्ग फुट | ५० |
| ४ | भित्ते लेखन प्रति बर्ग फुट | ३० |
| ५ | लाईट बोर्ड/डिजिटल होर्डिङ्ग बोर्ड प्रति बर्ग फुट | ५० |
| ६ | सटर पेन्टिङ्ग प्रति बर्ग फुट | २० |
| ७ | आकाशे बेलुन प्रति | १०० |
| ८ | पोल ब्यानर प्रति बर्ग फुट | ५० |
| ९ | ब्यानर/फिल्मी पोष्टर प्रति बर्ग फुट | ५० |

## अनुसूची–८
## दफा ९ संग सम्बन्धित

### ८. मनोरन्जन कर

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | जादु, सर्कस, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर बापत अनुमतिको लागि गरीने सिफारिस दस्तुरको अतिरिक्त प्रति दिन | ५०० |
| २ | भिडियो सुटिङ प्रति दिन | २००० |
| ३ | सास्कृतिक प्रदर्शन हल, नाच घर, दोहोरी संगीत, कन्सर्ट, तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीको प्रवेश शुल्कमा | २ प्रतिशत |

## अनुसूचि–९
## दफा १० संग सम्बन्धित

### ९. बहाल बिटौरी शुल्क

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | होटल पसल व्यवसाय सञ्चालन (प्रति वर्गफिट) | ५ |
| २ | अन्य प्रयोजन (प्रति वर्गफिट) | २.५ |

## अनुसूचि–१०
## दफा ११ संग सम्बन्धित

### १०. पार्किङ शुल्क

| सि. नं. | विवरण | करको दर रु (प्रति पटक) |
|---|---|---|
| १ | बस, ट्रक, लरी जस्ता अन्य हेभी गाडीहरु | ५० |
| २ | काईको बस, कार, जिप जस्ता साना गाडीहरु | ४० |
| ३ | विदेशी बस, ट्रक, लरी जस्ता अन्य हेभी गाडीहरु | ८० |
| ४ | विदेशी काईको बस, कार, जिप जस्ता साना गाडीहरु | ५० |
| ५ | अटो, ठेला, भ्यान | २० |

## अनुसूचि–११
## दफा १२ संग सम्बन्धित

### ११. ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्याफ्टिङ शुल्क

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | | |

## अनुसूचि–१२
## दफा १३ संग सम्बन्धित

### १२. सेवा शुल्क, दस्तुर तथा सिफारिस

(क) घर नक्सा पास दस्तुर

| क्र.स. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | आर.सी.सी.ढलान घर पिच सडकसँग जोडिएको प्रति बर्ग फुट | ५ | |
| २ | आर.सी.सी.ढलान घर कच्ची सडकसँग जोडिएको प्रति बर्ग फुट | ३ | |
| ३ | आर.सी.सी.ढलान घर अन्य साना सडकसँग जोडिएको प्रति बर्ग फुट | २ | |
| ४ | आर.सी.सी. बिनाको घर प्रति घर | १२०० | |
| ५ | नक्सापाश प्रमाणपत्र र निर्माण सम्पन्नको प्रतिलिपि दस्तुर | १००० | |
| ६ | आंशिक निर्माण सम्पन्नको प्रतिलिपि दस्तुर | १००० | |
| ७ | नक्सापास फाराम दस्तुर (दरखास्त पुस्तिका) | ५०० | |
| ८ | नक्सापास नामसारी (एउटै बंशज) प्रति वर्ग फिट | ५ | |
| ९ | नक्सापास नामसारी (अन्यको हकमा) प्रति वर्ग फिट | १० | |
| १० | नक्सापास निरिक्षण शुल्क प्रति पटक | २००० | |
| ११ | नक्सापास नगरि घर निर्माण गरेमा जरिवाना (मापदण्ड अनुसार निर्माण भएका घरहरुको हकमा मात्र) | ७५ प्रतिशत | |
| १२ | तोकिएको समयभित्र घर निर्माण सम्पन्न नभएमा म्याद थप | नक्सापास दस्तुरको | |

| | | | |
|---|---|---|---|
| | गर्न | ५ प्रतिशत | |

(ख) सेवा शुल्क

| **क.स.** | **विवरण** | **करको दर रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | अभिलेखिकरण शुल्क | ५०० | |
| २ | अभिलेखिकरण शुल्क (मापदण्ड पालना नभएको) | ७५० | |
| ३ | अस्थायी घरको अभिलेखिकरण शुल्क | १००० | |
| ४ | कच्ची घरको अभिलेखिकरण शुल्क | २००० | |
| ५ | मुचुल्का प्रमाणित शुल्क | ५०० | |
| ६ | फर्म, निर्माण व्यावसायी, सप्लायर्स, परामर्शदाता, संघ/संस्था मौजुदा सुचीमा सुची दर्ता शुल्क | ५०० | |
| ७ | माटो परिक्षण शुल्क | १०० | |
| ८ | गाउँपालिकाको सभाहल भाडा प्रति घण्टा | १०० | |
| ९ | घ वर्गको निर्माण व्यवसायी नयाँ दर्ता निरिक्षण शुल्क | २००० | |
| १० | प्राविधीक सेवा शुल्क (सिभिल) | २००० | |

(ग) व्यक्तिगत घटना दर्तासँग सम्बन्धित

| क.स. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र सिफारिस | १०० | |
| २ | नागरिकता प्रतिलिपि लिन सिफारिस | ५०० | |
| ३ | अंगीकृत नागरिकता सिफारिस | १२०० | |
| ४ | नागरिकता सर्जिमिन | २०० | |
| ५ | बैबाहिक अंगीकृत नागरिकता सिफारिस | १००० | |
| ६ | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | २०० | |
| ७ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर | ५०० | |
| ८ | विवाहित प्रमाणित | ५०० | |
| ९ | अविवाहित प्रमाणित | ५०० | |
| १० | बाहिरी जिल्ला कर्मचारी परिवार नागरिकता/प्रतिलिपी सिफारिस | १०० | |
| ११ | नाता प्रमाणित (अंग्रेजी भाषामा) | ५०० | |
| १२ | नाता प्रमाणित (नेपाली भाषामा) | २०० | |
| १३ | नाता सम्बन्ध खुलाएको | ५०० | |
| १४ | परिचयपत्रको बिलम्ब दस्तुर | २०० | |
| १५ | परिचयपत्रको प्रतिलिपि दस्तुर | ५०० | |
| १६ | परिचय पत्र नं. वा व्यक्तिगत विवरणको प्रमाणिकरणको सेवा वापत प्रति व्यक्ति प्रति पटक | ५ | |
| १७ | जैविक विवरण वा परिचयपत्रको विलम्ब प्रमाणिकरणको सेवा वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | १० | |
| १८ | परिचय नं., वैयक्तिक विवरण, जैविक विवरण वा परिचयपत्रको प्रमाणिकरण भई सम्बन्धित व्यक्तिको अन्य वैयक्तिक विवरण प्रदान गरे बापत प्रति व्यक्ति प्रति पटकको | २० | |

| | | | |
|---|---|---|---|
| | दस्तुर | | |

(घ) सिफारिस शुल्क तथा दस्तुर

| क.स. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | २० | |
| २ | छुट जग्गा दर्ता सिफारिस | ५०० | |
| ३ | जग्गा नामसारी सिफारिस | ५०० | |
| ४ | मोही दर्ता तथा मोही नामसारी सिफारिस | ५०० | |
| ५ | आय श्रोत प्रमाणित प्रति लाख | २०० | |
| ६ | सम्पती मुल्यांकन प्रति लाख | १०० | |
| ७ | साना घरेलु उद्योग दर्ता/नामसारी सिफारिस | ५०० | |
| ८ | मझौला उद्योग दर्ता/नामसारी सिफारिस | १००० | |
| ९ | ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) दर्ता/नामसारी सिफारिस | २००० | |
| १० | अन्य निकायबाट दर्ता हुने उद्योग दर्ताको लागि सिफारिस/नामसारी | १००० | |
| ११ | डिलर लिने सिफारिस | १००० | |
| १२ | प्रतिलिपि प्रमाणित/प्रतिलिपि दस्तुर प्रतिपाना | २० | |
| १३ | चार किल्ला प्रमाणित (कच्ची सडक) | ५०० | |
| १४ | चार किल्ला प्रमाणित (पिच सडक) | १००० | |
| १५ | घरबाटो सिफारिस (पिच सडक) | १००० | |
| १६ | घरबाटो सिफारिस (कच्ची सडक) | ५०० | |
| १७ | घरबाटो सिफिरिस अन्य | ३०० | |
| १८ | घर जग्गा कर रसिदको प्रतिलिपि | १०० | |
| १९ | संचार टावर स्वीकृती सिफारिस | ५००० | |
| २० | अंग्रेजी भाषामा गरिने जुनसुकै सिफारिस | १००० | |
| २२ | निजी स्तरका विद्यालय स्थापना तथा तहबृद्धि सम्बन्धी सिफारिस | ५००० | |
| २३ | अंश बण्डा सिफारिस | १०० | |
| २४ | संघ/संस्था दर्ता सिफारिस | | |
| | क) संस्थाको शाखा दर्ता शुल्क | ३००० | |
| | ख) गैर नाफा मुलक संस्थाको शाखा दर्ता शुल्क | १५०० | |
| | ग) लिसंखु पाखर गा· पा· को ३ भन्दा बढी वडाहरु कार्यक्षेत्र राखी दर्ता गरिने संस्था/क्लब | ३००० | |
| | घ) लिसंखु पाखर गा· पा· को ३ भन्दा बढी वडाहरु कार्यक्षेत्र राखी दर्ता गरिने गैर नाफा मुलक संस्था/क्लब | १५०० | |
| | ङ) लिसंखु पाखर गा· पा· को ३ वटा वडा सम्म मात्र कार्यक्षेत्र राखी दर्ता गरिने संस्था/क्लब | २००० | |
| | च) लिसंखु पाखर गा· पा· को ३ वटा वडा सम्म मात्र कार्यक्षेत्र राखी दर्ता गरिने गैर नाफा मुलक संस्था/क्लब | १००० | |
| | छ) शाखा बार्षिक नविकरण शुल्क | १००० | |
| | ज) शाखा बार्षिक नविकरण जरिवाना (पौष मसान्त पछि आएमा) | ५०० | |

| | | | |
|---|---|---|---|
| | झ) संस्था/क्लब वार्षिक नविकरण शुल्क | १००० | |
| | ञ) संस्था/क्लब वार्षिक नविकरण जरिवाना (पौष मसान्त पछि आएमा) | ५०० | |
| | ट) शाखा दर्ता वा कार्यक्षेत्र बिस्तार नगरी कार्य गरेमा पहिलो पटक जरिवाना (दोस्रो पटक देखि क्रमश रु १००० थप जरिवाना लाग्ने छ ।) | ५००० | |
| २५ | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० | |
| २६ | उपभोक्ता समिति दोस्रो पटक म्याद थप शुल्क | १००० | |
| २७ | आर्थिक अवस्था सम्पन्न रहेको सम्बन्धी सिफारिस | २०० | |
| २८ | धारा तथा विद्युत जडान सिफारिस | २०० | |
| २९ | जातीय पहिचान र जातीय सिफारिस | ३०० | |
| ३० | प्लटीङ्ग सिफारिस | १००० | |
| ३१ | कित्ताकाट सिफारिस | ५०० | |
| ३२ | अन्य सिफारिस दस्तुर | ३०० | |
| ३३ | योजना सम्झौता किताब दस्तुर | ३०० | |
| ३४ | योजना भुक्तानी किताब दस्तुर | ५०० | |
| ३५ | अन्य निकायबाट दर्ता हुने उद्योग दर्ताको लागि सिफारिस/नामसारी | | |
| | क. अन्य व्यक्तिको लागि | १००० | |
| | ख. अपांगता भएको व्यक्तिलाई ७५ % छुट | २५० | |
| | ग. महिलालाई५० % छुट | ५०० | |
| ३६ | माथि नखुलेका उद्योग व्यवसायका सिफारिस | १००० | |
| ३७ | सूचनाको हक बमोजिम माग भएका सूचनाको प्रतिलिपी प्रमाणित/प्रतिलिपि दस्तुर प्रतिपाना | सुचनाको हक सम्बन्धी ऐन २०६३ बमोजिम | |
| ३८ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र नविकरण जरिवाना -अशोज मसान्त पछि आएमा) | सोहि वर्ष ३००० र अर्को वर्ष पछि थप १०००० | |
| ३९ | खानी दर्ता दस्तुर | ५००० | |
| ४० | खानी नविकरण दस्तुर | ३००० | |
| ४१ | गै. स. स. दर्ता सिफारिस दस्तुर | ३००० | |
| ४२ | गै. स. स. वार्षिक नवीकरण सिफारिस दस्तुर | | |
| | क. रु १ लाख भन्दा कम कारोबार भएमा | ५०० | |
| | ख. रु ५ लाख सम्म कारोबार भएको | १००० | |
| | ग. रु १० लाख सम्म कारोबार भएको | १५०० | |
| | घ. रु २० लाख सम्म कारोबार भएको | २००० | |
| | ङ. रु २० लाख भन्दा बढी कारोबार भएको | ३००० | |
| | च. संस्थाको कार्यक्षेत्र विस्तार सिफारिस | १००० | |
| ४३ | गै. स. स. नविकरण सिफारिस जरिवाना (पौष मसान्त पछि आएमा) | १००० | |
| ४४ | घ वर्गको ईजाजत फर्म नामसारी | १५००० | |
| ४५ | ईजाजत फर्म ठेक्का खारेजी | ५००० | |

| | | | |
|---|---|---|---|
| ४६ | खानी दर्ता अन्वेशन सिफारिस | ५००० | |
| ४७ | क्लव/पुस्तकालय दर्ता सिफारिस/नविकरण सिफारिस | १००० | |
| ४८ | सवै प्रकारका सहकारी संस्था अन्य निकायमा दर्ता, कार्यक्षेत्र विस्तार र सेवा केन्द्र खोल्ने सिफारिस | ५००० | बार्षिक कर ३००० |
| ४९ | कृषि/कृषक समूह, पशुपालन समूह, अन्य समूह दर्ता शुल्क | ५०० | |
| ५० | कृषि/कृषक समूह, पशुपालन समूह, अन्य समूह नविकरण शुल्क | २०० | |
| ५१ | गाउँपालिकाबाट गरिने व्यक्तिगत घटना दर्ता प्रमाणित दस्तुर | ५०० | |
| ५२ | उद्योग नामसारी | ५०० | |
| ५३ | कक्षा थप अनुमती निजी | १५०० | |
| ५४ | कक्षा थप अनुमती सामुदायीक | २०० | |
| ५५ | उपभोक्ता समिति, गुम्बा समिति दर्ता दस्तुर | १००० | |
| ५६ | उपभोक्ता समिति नविकरण दस्तुर | ५०० | |
| ५७ | उपभोक्ता समिति सम्झौता/भुक्तानी सिफारिस दस्तुर ( गा.पा.) | १०० | |
| ५८ | उपभोक्ता समिति सम्झौता/भुक्तानी सिफारिस दस्तुर (प्रदेश, संघ र अन्य) | ५०० | |
| ५९ | रसायनिक मल डिलरसिप सिफारिस सहकारी संस्था | १००० | |
| ६० | रसायनिक मल डिलरसिप नविकरण सिफारिस | १००० | |
| ६१ | व्यक्तिगत घट्ना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० | |
| ६२ | मुचुल्का प्रमाणित शुल्क | ५०० | |
| ६३ | लालपुर्जा प्रतिलिपी सिफारिस | ५०० | |
| ६४ | व्यक्तिगत घटना प्रमाणित दस्तुर | २०० | |
| ६५ | नाबालक सिफारिस | २०० | |
| ६६ | आवेदन शुल्क | | |
| | क) श्रेणी विहिन ह. स. च./का. स./विद्यालय कर्मचारी/विद्यालय सहजकर्ता | ५०० | |
| | सहायक चौथो तह/प्रा वि शिक्षक | ६०० | |
| | सहायक पाँचौ तह/नि. मा. वि. शिक्षक | ८०० | |
| | अधिकृत तह/मा. वि. शिक्षक | १५०० | |
| ६७ | लेखा परिक्षक नियुक्त समर्थन शुल्क | १००० | |
| ६८ | जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि निवेदन दस्तुर | १०० | |
| ६९ | सामुदायिक बन बार्षिक आम्दानीको | १० प्रतिशत | |
| ७० | व्यवसाय/समूह दर्ता खारेजी | ५०० | |
| ७१ | गलैचा निकासी | | |
| | क) साधारण प्रति स्क्वायर फिट | १ | |
| | ख) सुपर प्रति स्क्वायर फिट | १.५ | |
| ७२ | थाङ्का प्रति स्क्वायर फिट | १ | |
| ७३ | मुखुन्डो निकासी | | |
| | क) १ स्क्वायर फिट भन्दा तल प्रति गोटा | १ | |
| | ख) प्रति गोटा १ स्क्वायर फिट भन्दा माथी प्रति स्क्वायर | १ | |

| | | | |
|---|---|---|---|
| | फिट | | |
| ७४ | सहकारी संस्था बार्षिक आय (खुद बचत) को | १ प्रतिशत | |
| ७५ | वडा कार्यालयबाट गाउँपालिकामा गरिने विपद् सिफारिस | २०० | |
| ७६ | नागरिकता बनाउन व्यक्ति किटानी सिफारिस | २०० | |
| ७७ | पशुपंक्षिको विमा दावीका लागि गरिने सिफारिस | २०० | |
| ७८ | बिजुली मिटर जडान सिफारिस | २०० | |
| ७९ | गै स स  कार्याक्रम संचालन अनुमति | १००० | |
| ८० | गै स स  कार्याक्रम संचालनका लागि सिफारिस | ५०० | |
| ८१ | माथिल्लो निकायमा योजना माग सिफारिस | १०० | |
| ८२ | जग्गा नापी (अमिन) सेवा शुल्क/दस्तुर | | |
| | क) प्रति कित्ता १ रोपनी सम्म | १००० | |
| | ख) प्रति कित्ता १० रोपनी सम्म | २००० | |
| | ग) प्रति कित्ता २५ रोपनी सम्म | ३००० | |
| | घ) प्रति कित्ता ५० रोपनी सम्म | ४००० | |
| | ङ) प्रति कित्ता ७५ रोपनी सम्म | ८००० | |
| | च) गाउँपालिका क्षेत्र भन्दा बाहिर जानु परेमा थप दस्तुर | २५ प्रतिशत | |

नोट : दिर्घ रोगीहरु, पक्षघात, मुटु, कलेजो, मृगौला, क्यानसर रोगहरुको उपचारको लागि गरिने सिफारिस, अभिभावक विहिन अनाथ बालबालिकाहरुको स्वास्थ्य, शिक्षा आदिको लागि गरिने सिफारिस, सामाजिक सुरक्षा भत्ता, अपांग परिचयपत्र, जेष्ठ नागरिक परिचयपत्र, आगालागी, बाढी र पहिरोबाट घर पुर्णरुपमा क्षति भएमा राहतको लागि गरिने सिफारिस, कवाडी कर संकलन पश्चात सम्बन्धीत निकायहरुका लागि गरिने सिफारिस निशुल्क रुपमा उपलब्ध गराउने ।

## अनुसूचि–१३
## दफा १४ संग सम्बन्धित

**१३. पर्यटन शुल्क**

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | | |

आज्ञाले,
बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत